## अध्यक्षको मन्तव्य



लेखाव्यवसायमा विश्वव्यापी रुपमा दिन प्रतिदिन परिवर्तनहरु भैरहेका छन् । परिवर्तनहरु संगसगै यस पेशामा चुनौतिहरु पनि थपिंदै गैरहेका छन् । अन्तर्राष्ट्रिय लेखाव्यवसायी महासंघको सदस्यको हैसियतले पनि संस्थाले ती परिवर्तनहरुलाई अवलम्वन गर्दै जानु पर्ने हुन्छ ।

यही परीप्रेक्ष्यमा, हालै संस्थाले The Institute of Chartered Accountants in England and Wales (ICAEW) को प्राविधिक सहयोगमा तयार गरेको Audit Practice Manual को आधारमा आरए सदस्य क्षमता अभिवृद्धि समितिको पहलमा Audit Documentation नामक पुस्तिका प्रकाशित गर्न गैरहेको भन्ने थाहा पाउंदा मलाई अत्यन्त खुशी लागेको छ । एकातिर यस पुस्तक सदस्यहरुको क्षमता अभिवृद्धि गर्न कोशेढुंगा सावित हुनेछ भने अर्कोतिर लेखाव्यवसायको गुणस्तर बृद्धिमा पनि महत्वपूर्ण हुने मैले विश्वास लिएको छु । लेखापरीक्षण शिलशिलामा अपनाउनु पर्ने विभिन्न प्रक्रियाहरुलाई उदाहरणहरु सहित तयार गरिएको यस पुस्तिकाको माध्यमबाट लेखाव्यवसायमा रहने सदस्यहरुको लागि ठूलो सहयोग पुग्ने छ भन्ने मैले विश्वास लिएको छु ।

संस्थाको गरीमा संस्थाका सदस्यहरुले गर्ने क्रियाकलापले पनि निर्धारण गर्ने गर्दछ । यस पुस्तकको माध्यमबाट संस्थाको तथा लेखा व्यवसायको साखलाई उचाईमा पुऱ्याउन थप मद्दत पुग्ने समेत आशा गरेको छु ।

लेखाव्यवसायको माध्यमबाट सामाजिक प्रतिष्ठा र मर्यादालाई अझ उचाईमा पुऱ्याउन तथा सदस्यहरुको क्षमता अभिवृद्धि गर्न यो पुस्तक प्रभावकारी हुनुको साथै आरए. सदस्य क्षमता अभिवृद्धि समितिले आफ्नो जिम्मेवारी महत्वपूर्ण रुपमा पूरा गरेको मैले महसुस गरेको छु ।

कुनै एक्लो व्यक्तिको प्रयासले मात्र यो पुस्तक अवश्य पनि तयार भएको छैन तसर्थ यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहने आरए सदस्य क्षमता अभिवृद्धि समितिका सभापति आरए. केदारनाथ पौडेल सहित समितिका सबै सदस्यहरु तथा सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु ।

यस सामग्रीको माध्यमबाट सदस्यहरुको क्षमता अभिवृद्धिको लागि प्रभावकारी रुपमा तालिम संचालन गर्न सफलता मिलोस् भनि हार्दिक शुभकामना समेत दिन चाहन्छु ।

सिए. जगन्नाथ उपाध्याय
अध्यक्ष
२०७६/०३/३१

## हार्दिक धन्यवाद !



लेखाव्यवसायको क्षेत्रमा समयानुकूल परिवर्तन गर्दै लैजान आवश्यक रहे अनुसार संस्थाले दर्तावाला लेखापरीक्षक सदस्यहरुको क्षमता अभिवृद्धिको विषयलाई निकै नै महत्वकासाथ लिएको छ। त्यसैको परिणाम स्वरुप दर्तावाला लेखापरीक्षक सदस्यहरुको क्षमता अभिबृद्धिको लागि छुट्टै आरए. सदस्य क्षमता अभिवृद्धि समितिको गठन भएको हो । यस समितिको गठन पश्चात समितिले दर्तावाला लेखापरीक्षक सदस्यहरुलाई लक्षित गरी देशका विभिन्न स्थानमा व्यावहारिक तालिमहरु संचालन गर्दै आइरहेको छ । तालिमको आवश्यकतालाई मध्यनजर गर्दै विगतमा संचालन गरिएका व्यावहारिक तालिमका अनुभवहरुलाई संगालेर The Institute of Chartered Accountants in England and Wales (ICAEW) को प्राविधिक सहयोगमा तयार गरिएको Audit Practice Manual को आधारमा Audit Documentation नामक पुस्तिका नेपाली भाषामा तयार गरिएको छ ।

यस पुस्तिकाको प्रकाशनले पेशामा रहने सदस्यहरुलाई लेखापरीक्षण कार्य गर्न सहज हुनुको साथै समग्र पेशाको मर्यादामा महत्वपूर्ण उपलब्धिको रुपमा मैले लिएको छु। संस्थाको गरिमा सदस्यहरुको कार्य सम्पादन अथवा समग्र लेखाव्यवसायको गरिमासंग जोडिएको छ। सदस्यहरुले सम्पादन गर्ने हरेक व्यावसायिक कार्यमा सतर्कता अपनाउनु जरुरी हुन्छ। पेशा तथा पेशाकर्मीहरुको मर्यादालाई पेशाकर्मीले प्रस्तुत गर्ने व्यावसायिक क्षमताले इंगित गर्ने हुनाले सदस्यको व्यावसायिक क्षमता विकासमा संस्था निरन्तर चनाखो रहँदै आएको छ। यस पुस्तिकामा लेखापरीक्षणको क्रममा अपनाउनु पर्ने विभिन्न प्रक्रियाहरुलाई उदाहरण सहित प्रस्तुत गरिएको छ जसबाट सदस्यहरुलाई पेशागत कार्य सम्पादनको लागि निकै नै उपयोगी हुने मैले विश्वास लिएको छु ।

अन्तमा, यो पुस्तक तयार गरी महत्वपूर्ण सहयोग गर्नुहुने सिए. नन्दकिशोर शर्मा, प्रकाशनको लागि हामीलाई अभिप्रेरित गर्नुहुने संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय, उपाध्यक्ष सिए. कृष्ण प्रसाद आचार्य तथा पार्षदज्यूहरु, विषयवस्तुको छनौट तथा पुस्तक प्रकाशनमा समेत महत्वपूर्ण सुझाव दिनुहुने समितिका सदस्यज्यूहरु, समितिका सचिव श्री विनोद न्यौपाने तथा यस कार्यमा संलग्न संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

आरए. केदारनाथ पौडेल
सभापति
आरए. सदस्य क्षमता अभिवृद्धि समिति